# राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय

फोन नं. : ४-२००१५७, ४-२००१५८
फ्याक्स नं. : ४-२००१४८
इमेल : office@nscsec.gov.np
सिंहदरबार, काठमाडौं, नेपाल ।


## प्रेस विज्ञप्ति

आज मिति २०८१ भाद्र २५ गते राष्ट्रपति कार्यालय, महाराजगञ्जमा आयोजित एक कार्यक्रमबीच सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूसमक्ष नेपालको संविधानको भाग २८, धारा २६६ को उपधारा (३) बमोजिम आर्थिक वर्ष २०७९/८० र आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय सुरक्षा परिषद्बाट भएका निर्णय, सम्पादित प्रमुख कार्यहरूको विवरण तथा अन्तर्राष्ट्रिय, क्षेत्रीय एवं राष्ट्रिय सुरक्षा विश्लेषण समावेश गरी तयार गरिएको छैटौं र सातौं वार्षिक प्रतिवेदन राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्ष सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीले पेश गर्नुभयो।

प्रतिवेदन पेश गर्ने कार्यक्रममा सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीले अन्तर्राष्ट्रिय, क्षेत्रीय एवं राष्ट्रिय सुरक्षा परिस्थितिका आयामहरू र त्यसबाट उत्पन्न चुनौतीहरूका स्वरूप समय प्रवाहसँगै परिवर्तन हुँदै गइरहेको र मुख्यशक्ति राष्ट्रहरू तथा क्षेत्रीय शक्ति राष्ट्रहरूबीच आर्थिक, सामरिक र रणनीतिक प्रतिस्पर्धाको होडबाजीका कारण अन्य राष्ट्रहरूको वैदेशिक, आर्थिक तथा सम्बन्ध सन्तुलन नीतिहरू क्रमशः प्रभावित हुँदै गएको कुरा उल्लेख गर्नुभयो। विश्वमा हाल भइरहेका विभिन्न युद्ध तथा द्वन्द्व र अन्तर्राष्ट्रिय सामुद्रिक पारवहन मार्गमा देखिएको द्वन्द्वका कारण विश्व सुरक्षा परिवेशमा नयाँ स्वरूप देखिने सम्भावना रहेको चर्चा गर्दै हालका दिनहरूमा सूचना प्रविधिको द्रुततर र अभूतपूर्व विकासले विश्वको आर्थिक सामाजिक विकासमा ठुलो सहयोग पुग्नुका साथै सुरक्षा क्षेत्रमा थप जटिलता र चुनौतीहरू समेत सिर्जना गरिरहेको कुरा उहाँले बताउनुभयो। मन्तव्यको क्रममा उहाँले अन्तर्राष्ट्रिय, क्षेत्रीय एवं राष्ट्रिय सुरक्षा परिस्थितिका कारण आउनसक्ने चुनौतीहरूलाई मध्यनजर गरी समग्र राष्ट्रिय सुरक्षाको अवधारणालाई केन्द्रबिन्दुमा राखी आगामी दिनमा राष्ट्रले अवलम्बन गर्नुपर्ने रणनीतिक, कूटनीतिक, आर्थिक, सामाजिक तथा सुरक्षासँग सम्बन्धित विषयहरू प्रतिवेदनमा समावेश भएको व्यहोरा उल्लेख गर्नुभयो।

प्रतिवेदन ग्रहण गर्नुहुँदै सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलले मुलुकको समग्र सुरक्षाका चुनौती तथा सम्बोधन गर्नुपर्ने प्रमुख विषयलाई समेटी तयार भएको प्रतिवेदन एक महत्त्वपूर्ण दस्तावेज रहेको कुरा उल्लेख गर्नुहुँदै सम्माननीय प्रधानमन्त्री एवं राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्षलगायत प्रतिवेदन तयार गर्ने कार्यमा सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिनुभयो। उहाँले उक्त प्रतिवेदनहरूमा औंल्याइएका विषयहरूलाई कार्यान्वयन गर्न सम्बन्धित सबै निकाय तथा पदाधिकारीहरूले पूर्ण प्रतिबद्धताका साथ कार्य गर्ने विश्वास व्यक्त गर्नुभयो।

सम्माननीय राष्ट्रपतिज्यूले उक्त प्रतिवेदनहरूलाई नेपालको संविधानको भाग २८ को धारा २६६ को उपधारा (३) बमोजिम सम्माननीय प्रधानमन्त्री मार्फत सङ्घीय संसद्समक्ष पेश गर्न लगाउने जानकारी दिनुभयो ।

मितिः २०८१ भाद्र २५ गते

(रामेश्वर दंगाल)
सचिव, रक्षा मन्त्रालय
एवम्
सदस्य-सचिव
राष्ट्रिय सुरक्षा परिषद्